बैठक नं. ५६

बैठक संख्या:

आज मिति २०७७ साल वैशाख २ गतेका दिन घ्याङलेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा निम्नानुसारका निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | |
| ६ | श्री चक्र बहादुर पाखिन | सदस्य | |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ८ | श्री जेसुन्दरी मायावाइबा | सदस्य | |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | यम |
| १० | श्री जानुका थापा मगर | सदस्य | |
| ११ | श्री हिमालीमाया वि.क. | सदस्य | |
| १२ | श्री गंगामाया वि.क. | सदस्य | |
| १३ | श्री सुन माया थिङ | सदस्य | सुन |
| १४ | श्री राम कुमार कार्की | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

अन्य उपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | रुद्र प्रसाद दहाल | लेखा सहायक | |
| २ | भरतजंग थापा | ना.सु | |
| ३ | सुदिप थापाा | कम्प्युटर अपरेटर | |
| ४ | किशोर वाइबा | सु.प्र.अ. | |

ध्याङलेखगाउँपालिका

गाउँकार्यपालिकाको बैठकको

प्रस्ताव तथा निर्णयहरु

मिति २०७७ वैशाख २२ गते सोमबार

वैठकका प्रस्तावहरु

१.पिपलभन्ज्याङ-सिम्लेखट्टार-हायुटार-सोलाभन्ज्याङ सडक मर्मत सम्भार गर्ने सम्वन्धमा ।

२.राजस्व वाडफांडको रकमबाट संचलानहुने योजना संचालन सम्वन्धमा ।

३.घरधुरी र पारिवारिक लगत संकलन सम्वन्धमा ।

४.सामाजिक सुरक्षा भत्ता वैंक मार्फत वितरण गर्ने सम्वन्धमा ।

५.राहत वितरण गर्ने सम्वन्धमा ।

६.विपद् कोषमा रकम थप गर्ने सम्वन्धमा ।

७. गाउँपालिकाका पदाधिकारीहरुको सेवा सुविधा सम्वन्धमा ।

८.SEE परीक्षा संचालन र प्रश्नपत्र तथा उत्तरपुस्तिका ओसार पसार सम्वन्धमा ।

९.आधारभुत तहको परीक्षा संचालनगर्दा लागेको रकम भुक्तानी सम्वन्धमा ।

१०.खोप केन्द्र निर्माण सम्वन्धमा ।

११.आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धमा ।

१२.दैनिक ज्यालादारीमा कामकाजमा लगाउने सम्वन्धमा ।

१३.प्रदेश सरकारबाट आ.व. २०७७।०७८ मा प्राप्त हुने समपुरक र विशेष अनुदानको लागि योजना छनौट गर्ने सम्वन्धमा ।

१४.कर्मचारीहरुलाई कामको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्वन्धमा ।

## निर्णयहरु :

**निर्णय नं.: १**

प्रस्ताव नं.१ माथि छलफल गर्दा पिपलभन्ज्याङ-सिम्लेखट्टार-हायुटार-सोलाभन्ज्याङ सडकलाई बाह्रै महिना संचालन गर्नका लागि नाला र सडकमा हुने सानातिना पहिरो तथा खाल्टा खुल्टीहरु मर्मत गर्नका लागि गाउँपालिकाबाट स्थानीय दररेटको आधारमा घ्याङलेख गाउँपालिकाको वडा नं. १ को स्वागत गेट देखि सोलाभन्ज्याङ सम्म कार्य संचालन गर्न २०७७ साल जेष्ठ १गते देखि २०७७ साल कार्तिक मसान्त सम्म ३ जना कामदारलाई दैनिक रु. ५००।०० का दरले कन्टेन्जेन्सी/विविधबाट पारिश्रमिक भुक्तानी दिने गरी ज्यालादारीमा राख्ने निर्णय गरियो ।

**निर्णय नं.: २**

प्रस्ताव नं.२ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिकामा आ.व. २०७६/७७मा संचालन हुने कतिपय योजनाहरु राजस्व वाडफाँडबाट प्राप्तहुने रकमबाट खर्च वेहोरिने गरी संचालन हुने भनी उल्लेख भएकोमा नेपाल सरकार र प्रदेश सरकाबाट प्राप्त हुने राजस्व वाडँफाडको रकम कोरोना महामारीका न्यून निकासा हुने भएकोले राजस्व बाँडफाँडबाट वेहोरिने योजनाहरु हाललाई स्थगित गरी वित्तिय समानिकरण, सशर्त र स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट संचालन हुने सम्पूर्ण योजनाहरु सके सम्मचालु आ.व.मा नै सम्पन्नहुने गरी कार्यान्वयनको लागि अगाडी वढाउने निर्णय गरियो ।

जगत बहादुर भोलन

अध्यक्ष

**निर्णय नं. : ३**

प्रस्ताव नं.३ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिकाका सबै वडा अन्तर्गत रहेका महिला स्वास्थ्य स्वयंसेविका र पन्जीकरण तर्फ खटिएका फिल्ड सहायकहरु खटाई सबै वडामा रहेका घर धुरी र परिवारको प्रारम्भिक तथ्यांक संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं.: ४**

प्रस्ताव नं.४ माथि छलफल गर्दा सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित एवं पारदर्शी बनाउनको लागि नेपाल सरकारबाट घोषणा भएको वन्दावन्दी खुले पछि सबै वडाहरुका लाभग्राहीहरुको नेपाल एस.बि.आई बैंक, घ्याङलेख शाखा, हायुटारमा गाउँपालिका र बैंकको आपसी समन्वय र समझदारीमा खाता खोल्न घुम्ती शिविर संचालन गरी बैंक खाता खोल्न लगाई बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. : ५**

प्रस्ताव नं.५ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिका भित्र कोरोना भाईरस(COVID-19) को महामारीको कारणबाट बन्दाबन्दीमा परी रोजगार गुमाएका विपन्न परीवारहरुलाई "कोभिड-१९ रोकथाम तथा नियन्त्रणका क्रममा भएको आवागमन उत्पन्न परिस्थितिमा लक्षित परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धी मार्गदर्शन, २०७६" को अधिनमा रही वडा अध्यक्ष र वडा सदस्यहरुको प्रत्यक्ष निगरानी र जिम्मेवारीमा राहत सामाग्रीको गुणस्तर हेरी वडा अध्यक्षहरुको निगरानीमा खरिद गरी वडा अध्यक्षबाट सिफारिस भई आए बमोजिमका प्रत्येक घर धुरीलाई ३० के.जी.चामल, ३ के.जी. दाल, १ लिटर तेल, १ के.जी.नुन र १०० ग्राम मसलाका दरले राहत वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. : ६**

प्रस्ताव नं.६ माथि छलफल गर्दा यस गाउंपालिकाको विपद् व्यवस्थापन कोषमा रहेको रकम रु. २०,९०,०००।०० बाट यस अगाडी खरिद भएको औषधि तथा औषधिजन्य सामाग्री, मास्क, क्वारेन्टाईन व्यवस्थापन सामाग्री, सावुन खरिद आदिमा खर्च भई रकम न्यून भएका कारण विपद् व्यवस्थापन कोषमा रकम न्यून भएकोले घ्याङलेख गाउंपालिकाको चौथो गाउँसभाबाट स्वीकृत कार्यक्रम मध्ये क्र.सं.३१ कोउद्यमशिलता प्रवर्धन कार्यक्रममा रहेको रु.५,००,०००।-, क्र.सं. ३२ मा रहेको उद्योग विकास कार्यक्रमको रु. २०,००,०००।-, क्र.सं. ३६ मा रहेको अध्यक्ष कपको रु. २,००,०००।- र क्र.सं. ४४ मा रहेको बाल बिबाह न्यूनिकरण कार्यक्रमबाट रु. ४,००,०००।- समेत गरी जम्मा रु. ३१,००,०००।०० अक्षेरुपी एकतिस लाख मात्र विपद् व्यवस्थापन कोषमा रकमान्तर गर्ने निर्णय गरियो।

**निर्णय नं. :७**

प्रस्तावनं.७ माथि छलफल गर्दा यस घ्याङलेख गाउँपालिकाको पदाधिकारीज्यूहरु र सदस्यज्यूहरुले मिति २०७६ साल कार्तिक महिना देखि नै सेवा सुविधा प्राप्त नगरेको र यही मिति २०७७ वैशाख ३ गते प्रदेश सरकारबाट "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन"मा सेवा सुविधा पाउने सम्वन्धी राजपत्र प्रकाशन भएकोमा सो मा प्रारम्भ मितिमा तुरुन्त लागु हुने छ भनी उल्लेख भएकोले कहिले देखि भुक्तानी दिने भन्ने सम्वन्धमा द्विविधा भएकोले सम्वन्धित निकायमा भुक्तानी पाउने अवधि सोधनी गरी कार्तिक देखि नै पाउने भनी लेखी आएमा सोही अनुसार र लेखी नआएमा २०७७ बैशाख महिना देखिको सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.: ८**

प्रस्ताव नं.८ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिका भित्र संचालन हुने आगामी SEE परीक्षाको संचालन अवधि भर ८ दिनको लागि विहान हायुटारबाट रामपुर र बेलुका रामपुरबाट हायुटार सम्म प्रश्नपत्र र उत्तरपुस्तिकाहरु ओसार पसार गर्नका लागि एउटा बोलेरो गाडी भाडामा लिने र उक्त बलेरोको भाडा वापत खर्च हुने रकम परीक्षा संचालन शिर्षक बजेटबाट खर्च वेहोरिने निर्णय गरियो ।

जगत बहादुर भोलन
अध्यक्ष

कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

**निर्णय नं.: ९**

प्रस्ताव नं.९ माथि छलफल गर्दा २०७६ सालमा संचालन भएको आधारभूत तहको परीक्षा संचालन गर्न नेपाल सरकारको सशर्त तर्फ विनियोजन भएको रकमबाट मात्र परीक्षा संचालन र नतिजा प्रकाशनमा खर्च अपुग भएकोले घ्याङलेख गाउँपालिकाका शिक्षा अधिकृतले नियमानुसार लागेको खर्च पेश गरे पछि विल भरपाई अनुसार नपुग सशर्त तर्फ विनियोजन भएका रकममा बढिमा रु. १ लाख घ्याङलेख गाउँपालिकाको चौथो गाउँसभाबाट स्वीकृत कार्यक्रम मध्ये क्र.सं. ४३ को परीक्षा संचालन तथा व्यवस्थापन शिर्षकको रकमबाट थप खर्च वेहोर्ने निर्णय गरियो ।

**निर्णय नं.: १०**

प्रस्ताव नं.१०माथि छलफल गर्दा सशर्त तर्फ खोप केन्द्र निर्माणको लागि विनियोजन रकम रु. ३,९२,०००।-बाट घ्याङलेख गाउँपालिकाको वडा नं. ४ को गोठडाँडामा खोप केन्द्र निमार्ण गर्ने निर्णय गरियो ।

**निर्णय नं.: ११**

प्रस्ताव नं.११ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिका अन्तर्गत तपसिलमा उल्लेखित अपाङ्गता भएका व्यक्तिहरुले औषधि उपचार गर्न र गरे वापतका लागि आर्थिक सहयोग पाउँ भनी निवेदन दर्ता हुन आएकोले उपचार गरी विल भरपाई सम्वन्धितले पेश गरे पछि तपसिल बमोजिमको रकम उपचार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**तपसील:**

| क्र.सं. | नाम थर | वडा नं. | बढीमा पाउने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मानध्वज लामा | ५ | ५०,०००।- | |
| २ | गंगामाया स्याङतान | ४ | २५,०००।- | |
| ३ | बिम बहादुर वाइबा | १ | २५,०००।- | |
| ४ | सुक वहादुर गोले | २ | [illegible],०००।- पचास हजार मात्र | |

**निर्णय नं.: १२**

प्रस्ताव नं.१२ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिकाको वडा नं. १ मा कार्यालय सहयोगी र वडा नं. ४ मा कम्प्यूटर अपरेटरको अति आवश्यक्ता भई काममा बाधा परी रहेकोले दैनिक ज्यालादारीमा कर्मचारी राख्न वडा कार्यालयबाट सिफारिश भई आएकोले वडा नं. ४ आवश्यक्ता अनुसार कार्यालयमा आंशिक रुपमा कामकाज गर्ने गरी बढिमा मासिक रु. १०,०००/-पाउने गरी कम्प्यूटर अपरेटर र वडा नं. १ मा गाउँपालिकाबाट अन्य कार्यालय सहयोगीलाई उपलब्ध गराएको सरह पारिश्रमिक पाउने गरी कामकाजमा लगाउन वडालाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. : १३**

प्रस्ताव नं.१३ माथि छलफल गर्दा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रादेशिक योजना तथा अनुगमन शाखा, हेटौडाको च.नं.९१४ मिति २०७६।१२।२८ को पत्रअनुसार आ.व. २०७७।०७८ का लागि समपुरक र विशेष योजना प्रस्ताव गरी पठाउन लेखी आएकोले प्रस्ताव भएका योजनाहरु मध्ये डि.पि.आर. भएका तपसिल अनुसारका योजनाहरु प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

क) समपुरक अनुदानतर्फ

१. खट्टार देखि अमले -थलगाउँहुदै फापरचुली सम्म सडक (वडा नं. १)
२. चन्दपुर सल्ले केराबारी गैरी भैसे बस्तीपुर सातदोबाटो सम्म सडक (वडा नं. २)
३. चिलाउने पचभैयालप्से हुदै सातदोबाटो सम्मको सडक (वडा नं. ३)
४. रामपुर पाखुरे रामभेडे हुदै काकलिङ सम्मको सडक (वडा नं. ५)

ख) विशेष अनुदानतर्फ

१. विद्युत सेवाविस्तार ( वडा नं. ४)

जगत बहादुर भोलन
अध्यक्ष

**निर्णय नं. : १४**

प्रस्ताव नं.१३ माथि छलफल गर्दा चालु आ.व. २०७६।०७७ मा विश्वभरी फैलिएको कोरोना भाईरसका कारण भएको वन्दाबन्दीका कारण, यस अगाडी तोकिएका चौमासिकहरुमा कार्य थालनी नभइ विकास निर्माणका योजनाहरु संचालन नभई रहेकोले तोकिएका विकास निर्माणका योजनाहरु यस आ.व. भित्र नै संचालन गरी सम्पन्न गर्न कार्यालयमा रहेको प्राविधिक कर्मचारी तथा योजना संचालन प्रक्रियामा कामकाज गर्ने आर्थिक प्रशासन, योजना शाखा लगायत प्रमुख प्रशासकीय अधिकृत समेतलाई २०७७ को वैशाख महिना देखि नै सार्वजनिक विदा र कार्यालय समय बाहिर समेत कामकाजमा लगाइएकोले तपसिल बमोजिम हुने गरी कार्यालय प्रमुख वा गाउँपालिका प्रमुखबाट प्रमाणित गरी पेश भए बमोजिम योजना शिरोभार खर्च (कन्टेन्जेन्सी) वा विनियोजित पारिश्रमिक शिर्षकबाट प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

क) कार्यालय समय १०.०० बजे अगाडी र ५.०० बजे पछाडी र सार्वजनिक विदाका दिन काम गरे वापत प्रोत्साहन । स्थानीय भत्ता उपलब्ध गराउने ।

ख) सुविधा मासिक तलबको अनुपातमा आधारित हुने ।

ग) महिनामा २५ दिन उपस्थित कार्य दिन मानी मासिक तलब स्केललाई २५ ले भाग गरी हुन आउने दैनिक रकमलाई दैनिक कार्यालयमा कामकाज गर्नु पर्ने ७ घण्टाले दैनिक रकमलाई भाग गरी हुन आउने प्रति घण्टाका दरले रकम निर्धारण हुने ।

घ) हुन आउने प्रति घण्टाको रकमको डेढ गुणा (१.५) हिसाव गरी रकम भुक्तानी दिने ।

ङ ) उपस्थितको आधार शाखा प्रमुख, कार्यालय प्रमुख वा गा.पा.प्रमुखले प्रमाणित गरे बमोजिम हुने ।

च) कामको दैनिक प्रगति विवरण पेश गर्नु पर्ने ।

जगत बहादुर भोलन
अध्यक्ष